बैठक संख्या ३

कार्यपालिका बैठक मिति २०८३/०६/०७ गतेका प्रस्तावहरु

१. विपद् पूर्व तयारी सम्वन्धमा

२. धन्यवाद ज्ञापन सम्वन्धमा

कार्यपालिका बैठक मिति २०८३/०६/०७ गतेका निर्णयहरु

निर्णय नम्बर १

मिति २०८३/०६/०९ देखि ११ गते सम्म यस जिल्लामा भारी वर्षाको सम्भावना रहेको भनी मौसम विज्ञान विभागवाट सतर्कता अपनाउन सूचना जारी भएको हुदा यस गाउँपालिका भित्रका रासी नदी र विभिन्न खहरे खोलाका तटिय क्षेत्रमा वसोवास भएका वस्तिहरुमा बाढी, पहिरो, गेग्रान वहाव र डुवानको जोखिम लगायतका कारण विपद्का घटना घटन सक्ने सम्भावना रहेको हुदा उल्लिखित क्षेत्रमा विपदवाट सुरक्षित रहनका लागि विपद् पूर्व तयारी, उद्धार र राहातका लागि सम्पुर्ण वडा कार्य समिति, इलाका प्रहरी कार्यालय सहितका चौकिहरु, सशस्त्र प्रहरी वल, समुदायस्तरमा रहेका विपद् प्रतिकार्य टोली, विभिन्न संघ सस्थाहरु, टोल विकास संस्थाहरु तयारी अवस्थामा रहने र उपर्युक्त कार्यको समन्वय गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले गर्ने ।

निर्णय नम्बर २

विवद् आउनु पूर्व माथि उल्लिखित स्थानमा विपद्पूर्व तयारी एवं सावधानीका लागि व्यापक मात्रमा आम सर्वसाधरणका लागि सूचना प्रचार प्रसार गर्ने।

निर्णय नम्बर ३

गढवा गाउँपालिकावाट विकट दुर्गम वस्तीहरुमा नसर्ने रोग, गर्भवती ANC/PNC सेवा, पाँच वर्षमुनीका वालवालिका हरुका लागि वसवाट निशुल्क घुम्ती स्वास्थ्य सेवा संचालन गर्नका लागि स्वीकृत कार्ययोजना वमोजिम स्वास्थ्य सेवा संचालन गर्ने र उक्त कार्यमा खटिने कर्मचारीलाई सोही बमोजिम सुविधाको व्यवस्था गर्ने।

विष्णु प्रसाद ज्वाली
प्रमुख प्रशासकीय अधिकृत

धर्म नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल